State of Qatar
MINISTRY OF ADMINISTRATIVE DEVELOPMENT, LABOUR & SOCIAL AFFAIRS

# तपाईको अधिकारको जानकारी

## कतारमा

घरेलु श्रमिकको लागि पुस्तिका

**यस पुस्तिकामा कतारको घरेलु श्रमिक र अध्यागमन कानुनमा उल्लेखित मुख्य मुख्य अधिकारलाई उजागार गरिएको छ ।**

यहाँ थप अधिकारहरु छन् ।
यदि कुनै प्रश्नहरु भएमा श्रमिकले प्रशासनिक विकास,  तथा सामाजिक मामिला मन्त्रालयको श्रम सम्वन्ध विभागमा गएर रोजगारसँग सम्वन्धीत सबै कागजात माथि कुरा गर्न सकिन्छ ।

# यी सवालहरु



तपाईंको अधिकारको जानकारी

# तपाईंको आवास अवस्था

# तपाईंको आवास



## कानुन

**२०१७ को कानुन नम्बर १५ को दफा ७**

रोजगारदाता यसको लागि जिम्मेवार हुनेछः

+ घरेलु श्रमिकलाई उपयुक्त वासस्थानको सुबिधा प्रदान गर्नु पर्नेछ ।

## तपाईंको अधिकारहरु

+ उपयुक्त वासस्थानको सुविधा पाउने तपाईको अधिकार हो ।
  सजिलै खाट र दराज अट्ने प्रशस्त स्थान हुनुपर्छ । यसको अर्थ तपाईको वस्ने ठाँउ सुरक्षीत र स्वस्थकर हुनुपर्छ ।
+ यदि तपाईले कसैसँग एउटै कोठामा वस्नु परेमा तपाईको आफ्नै खाट, पर्याप्त गोपनियता, आफु र आफ्नो सामानको सुरक्षा भने हुनुपर्छ ।

# तपाईंको स्वास्थ्य



## कानुन

**२०१७ को कानुन नम्बर १५ को दफा ७**

रोजगारदाता यसको लागि जिम्मेवार हुनेछः

+ विरामी परेमा वा कामको शिलशिलामा घाइते भएमा घरेलु श्रमिकलाई आर्थिक भार नपर्ने गरी उचित स्वास्थ्य हेरचाह, औषधी तथा मेडिकलजन्य सामग्रीहरु प्रदान गर्नुपर्छ ।

## तपाईंको अधिकारहरु

+ यदि असहज अनुभव भएमा वा नियमीत डाक्टरले निगरानी राख्नुपर्ने स्वास्थ्य अवस्था भएमा तपाईले आफ्नो रोजगारदातालाई सुचना गर्नुको साथै तुरुन्तै स्वास्थ्य हेरचाह सेन्टरमा जानै पर्छ ।
+ कतारमा आपतकालिन अवस्था परेमा तपाईले ९९९ मा फोन गर्न सक्नुहुन्छ ।

+ तपाईलाई आफ्नो स्वास्थ्य कार्ड आफैसँग राख्ने अधिकार छ। यस वापतको भुक्तानी रोजगारदाताले गर्नुपर्छ।
+ औषधी लिने र डाक्टरलाई भेट गर्न पाउने तपाईको अधिकार हो।



# तपाईको खाना

**कानुन**

**२०१७ को कानुन नम्बर १५ को दफा ७**

रोजगारदाता यसको लागि जिम्मेवार हुनेछः

+ घरेलु श्रमिकलाई उचित खाना उपलब्ध गर्नुपर्छ।

**तपाईंको अधिकारहरु**

+ तपाईले आफ्नो स्वास्थ्यलाई वलियो वनाइराख्न प्रशस्त पोषणयुक्त खाना पाउने तपाईको अधिकार हो।
+ विना भुक्तानी दैनिक ३ पटक खाना खान पाउने तपाईको अधिकार हो।

तपाईंको अधिकारको जानकारी

# तपाईंको कामको प्रकृति र स्थान

# तपाईको कार्यक्षेत्र



### कानुन

**२०१७ को कानुन नम्बर १५ को दफा ९**

+ श्रमिकको अनुमति विना कतार बाहिर घरेलु श्रमिकलाई रोजगारीको लागि लैजान प्रतिवन्ध छ।

### तपाईंको अधिकारहरु

+ यदि तपाईलाई कतारबाहिर काम गर्नको लागि रोजगारदाताबाट सोधनी भएमा तपाईसँग अस्वीकार गर्न पाउने अधिकार छ।
+ कतार बाहिर काम गर्न अस्वीकार गरेमा रोजगारदाताले तपाईविरुद्ध उजुरबाजुर गर्न पाउने छैन।

# तपाईको कार्यघण्टा



### कानुन

**२०१७ को कानुन नम्बर १५ को दफा १२**

रोजगारदाता यसको लागि जिम्मेवार हुनेछः

+ काम गर्ने समय दैनिक १० घण्टा बढी हुनुहुदैन। प्रार्थना, आराम र खाना खाने समयले कार्यघण्टालाई बाधा गर्छ। यस्तो गतिबिधि काम गर्ने घण्टाभित्र समावेश भने हुदैन।

### तपाईंको अधिकारहरु

+ तपाईको दैनिक कार्यघण्टा १० घण्टाभन्दा बढी हुनेछैन।
+ रोजगारदातासँग तपाईलाई दैनिक १० घण्टाभन्दा बढी काममा लगाउने अधिकार हुदैन। घरेलु श्रमिकको गुणस्तरीय करारपत्र अनुसार दैनिक काम गर्ने समय ८ घण्टा मात्रै छ। ओभरटाइम वापत थप २ घण्टा हुनेछ। यदि तपाई १० घण्टाभन्दा बढी काम गर्न चाहेमा ओभरटाइम वापत रोजगारदाताले थप भुक्तानी गर्नै पर्छ। त्यसरी काम गर्दा न्युनतम तलबको थप २५ प्रतिशत भुक्तानी गर्नुपर्छ। जस्तोः १० घण्टाको वेसिक तलब + २=५= कुल रकम। यसमा प्रत्येक ओभरटाइम घण्टाको भुक्तानी थपिदै जान्छ। त्यस्तो एक घण्टाको भुक्तानी भने १२=५ रियालको दरले हुनुपर्छ।

# तपाईंको वार्षिक बिदा



### कानुन

**२०१७ को कानुन नम्बर १५ को दफा १४**

+ घरेलु श्रमिकलाई सेवामा रहेसम्म प्रत्येक वर्ष तीन हप्ता बराबरको तलवी बिदा उपलब्ध गराइनेछ । जबसम्म सम्झौता रहेसम्म श्रमिकले यस्तो बिदाहरुलाई बिभाजन गरी आफुलाई चाहेको स्थान र समयमा विताउन सक्नेछ ।

### तपाईंको अधिकारहरु

+ सेवा अवधीको अन्त्यमा हरेक वर्ष तपाईंले तीन हप्ताको वार्षिक तलबी बिदा लिने तपाईंसँग अधिकार छ ।
+ तपाईंले पाउने वार्षिक बिदाको सदुपयोग गर्नुभएन भने आउदो वर्षको लागि सार्ने अधिकार तपाईंसँग छ ।

# तपाईंको सुरक्षा




### कानुन

**२०१७ को कानुन नम्बर १५ को दफा ७**

+ बिरामी बिदामा घरेलु श्रमिकले काम गर्नुपर्दैन ।

### तपाईंको अधिकारहरु

+ बिरामी भएको बखतमा तपाईंले काम गर्नु नपर्ने र आराम गर्न पाउने तपाईंसँग अधिकार छ ।
+ गुणस्तरीय करारपत्रमा उल्लेख भए अनुसार काम शुरु गरेको पहिलो तीन महिनापछि तपाईंले प्रत्येक वर्ष दुई हप्ताको तलबी बिरामी बिदा पाइने सुविधा छ । फिजिशियनले स्वास्थ्य प्रमाणपत्र दिनुपर्छ ।

# तपाईंको आराम र विश्रामहरु



### कानुन

**२०१७ को कानुन नम्बर १५ को दफा ७**

+ घरेलु श्रमिकले आफ्नो आराम गर्ने अवधि काम गर्नु पर्दैन ।

### तपाईंको अधिकारहरु ( तपाइको आराम र बिश्रामहरु )

+ आराम/ब्रेकको अवधीमा काम गर्नु नपर्ने तपाईंको अधिकार छ । खाना, पुजा र आराम गर्नको लागि ब्रेकको समय छुट्टाइको हुन्छ ।

# तपाईंको बिदाको दिन




### कानुन

**२०१७ को कानुन नम्बर १५ को दफा १३**

+ घरेलु श्रमिकले आरामको लागि साप्ताहिक तलबी बिदा पाइनेछ । यो बिदा लगातार २४ घण्टा भन्दा कम हुने छैन ।
+ साप्ताहिक बिदाको समय भने रोजगारदाता र श्रमिकबिच आपसी सहमति अनुसार करारपत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

**२०१७ को कानुन नम्बर १५ को दफा ७**

+ दुवै पक्षबिच सहमति लागु भएसम्म घरेलु श्रमिकले साप्ताहिक बिदाको दिन काम गर्नुपर्ने छैन ।

### तपाईंको अधिकारहरु

+ सातामा एक दिन पुरा बिदामा बस्न पाउने तपाईंको अधिकार हो ।
+ करारपत्रमा हस्ताक्षर गर्नुभन्दा अगाडि नै एक दिन बिदामा बस्ने सहमत भएको हुनुपर्छ । यो विषय करारपत्रमा समावेश गरेकै हुनुपर्छ ।

+ पुरा दिन २४ घण्टाभन्दा कम हुनुहुँदैन। आराम गर्ने समय पुरै बुझिन्छ, खण्ड खण्ड होइन।

+ ओभरटाइम वापत थप रकम लिने गरी काम नगर्दाको बाहेक सातामा एकदिन पुरा बिदामा बस्ने तपाईंको अधिकार छ। कहिलेकाँही वा रोजगारदाताको अनुरोधमा तपाईंको सहमतिमा बिदाको दिन काम गर्न सकिन्छ। बिदाको दिनमा काम गर्नु परेमा त्यसको सट्टामा अर्को दिन बिदामा बस्न सकिन्छ। बिदाको दिन काम गर्नुपरेमा तपाईंले भुक्तानी लिने अधिकार छ। यो दिन सामान्य दिनमा पाउने तलबको १५० प्रतिशत भन्दा घटी दिन पाइने छैन [जस्तो कतारी रियाल १० प्रति घण्टाको न्युनतम तलब+ कतारी रियाल १५ = बिदाको दिनको ओभरटाइमको १ घण्टाको कुल बाँकी २५ रियाल हुन्छ]।

*तपाईंले बिदाको दिन घर छोड्न परेमा रोजगारदातालाई पुर्व सुचना दिन महत्वपुर्ण हुन्छ।*

तपाईंको अधिकारको जानकारी

# तपाईंको आर्थिक अधिकार

# तपाईंको तलब




## कानुन

**२०१७ को कानुन नम्बर १५ को दफा ८**

+ रोजगारदाताले करारपत्रमा सहमति भए बमोजिम मासिक तलब बापत पाउने कतारी रियाल मुद्रा हरेक महिनाको अन्त्यमा वा तेश्रो दिनभित्र भुक्तानी गर्नुपर्छ।

## तपाईंको अधिकारहरु

+ तपाईंले करारपत्रमा बाचा गरिएको तलब पाउने अधिकार छ। कतारले तोकेको न्युनतम तलब १,००० रियालभन्दा कम रकम लिनु हुँदैन। तपाईंको देश र कतारबिच सम्झौता भए अनुसारको न्युनतम तलब तपाईंको करारपत्रमा पनि उल्लेख भएको हुन्छ।
+ तपाईंलाई प्रत्येक महिनाको अन्त्यमा वा सहमति गरिएको मितिमा आफ्नो मासिक तलब पाउने अधिकार छ।
+ बैंकमा तपाईंको नाममा खोलिएको खातामा मासिक तलब जम्मा हुनुपर्छ वा नगदमा पनि पाउन सक्नुहुन्छ। यदि नगदमा तपाईंले नगद बुझ्नुहुन्छ भने तपाईंले हस्ताक्षर गरेको रसिद पनि लिनुपर्छ।

# भर्ना शुल्क र यो सँग सम्बन्धीत खर्च



कानुन

**२०१७ को कानुन नम्बर १५ को दफा ८**

+ **विदेशबाट कामदार भर्नाको प्रक्रियामा लागेको शुल्क, खर्च वा कमिसन कामदारको तलबबाट कटौती गर्न रोजगारदातालाई निषेध गरिएको छ।**

तपाईंको अधिकारहरु

+ रोजगारदाता वा भर्नाकर्ता एजेन्टले तपाईंलाई ल्याउन लाग्दासँग सम्बन्धीत भर्ना शुल्क, टिकट भाडा, स्वास्थ्य परिक्षण र भिसा शुल्क र मागपत्रको भुक्तानी तपाईंको मासिक तलबबाट कटौती गर्न वा तपाईंसँग माग गर्न पाउने छैन।

# तपाईंको हवाई भाडा



कानुन

**२०१७ को कानुन नम्बर १५ को दफा १४**

+ घरेलु कामदारले दुई वर्षे सेवा अवधी पुरा गरेपछि रोजगारदाताको टिकटमा उसलाई/उनलाई बिदाको लागि आफ्नो घर वा देश पठाइनुपर्नेछ।
+ रोजगार करारपत्रको अवधी पुरा गरी कतार छोड्नु परेमा वा रोजगार करारपत्र समाप्त हुनु अगाडि नै कानुन उलंघनको कारण छोड्नु परेमा वा रोजगार करारपत्र थप भएमा घरेलु कामदारलाई स्वदेश फिर्ने टिकट उपलब्ध गराइनुपर्छ।

+ दुई वर्षको सेवा अवधी पुरा भएपछि तपाईंको रोजगारदाताबाट घर फिर्तीको हवाई टिकट पाउने तपाईंसँग अधिकार छ। तपाईंको रोजगारदाताले हवाई भाडामा लागेको सवै खर्च व्यहोर्नै पर्छ। यसमा लागेको केही हिस्सा पनि तपाईंले व्यहोर्नुपर्दैन।

+ घरेलु कामदारको गुणस्तरीय करारपत्र बमोजिम तपाईंले रोजगारदातालाई सुचना दिनुभएको समयअवधीभित्र करारअवधीको समय समाप्त नहुँदै करारपत्र रद्द गर्ने निर्णय गर्नु भएमा (रोजगारदाताको तर्फबाट  कानुन वा करारपत्र बमोजिम सर्तहरु उलंघन नगरिएको अवस्थामा) रोजगारदातराले घरफिर्ती टिकटमा लागेको खर्चको केही हिस्सा व्यहोर्नुपर्नेछ। जति महिना तपाईंले काम गर्नुभयो, त्यति महिनासम्मको टिकट खर्च तपाईंको रोजगारदाताले व्यहोर्नुपर्छ।

  जस्तोः तपाईंको करार अवधीको म्याद २ वर्ष (२४) महिनाको छ। तपाईंले काम गरेको १८ महिनापछि घर छोड्न र स्वदेश फिर्न चाहानुभयो। मान्नुस टिकटको शुल्क १५ सय रियाल छ। यस्तो अवस्थामा तपाईंको रोजगारदाताले कति भुक्तानी गर्नुपर्छ भनेर काम गरेको महिनाको आधारमा हिसाब गर्नुपर्छ।

  - १५ सय रियाललाई २४ महिनाले भाग गर्नुस्। भाग गर्दा महिनाको ६२.५ रियाल आउछ।
  - अब तपाईंको रोजगारदाताले ६२.५ रियालको दरले १८ महिना बराबर १,१२५ रियाल भुक्तानी दिनुपर्छ।

# तपाईंको लाभ सुविधा




### कानुन

**२०१७ को कानुन नम्बर १५ को दफा १५**

- सेवा अवधी एक वर्ष पुरा गरेपछि रोजगारदाताले घरेलु कामदारलाई लाभको सुबवधा दिनुपर्नेछ । यो घरेलु कामदारको कानुन लागु भएपछि कार्यान्वयनमा आएको हो । जस्तोः यो कानुन १२ सेप्टेम्वर २०१७ बाट लागु भएको हो ।
- करारपत्रमा दुवै पक्ष सहमति भए बमोजिम लाभको सुविधा तय हुनेछ । कानुन बमोजिम भने प्रत्येक वर्षको लाभ सुविधा वापत कम्तीमा तीन हप्ताको तलब हुनुपर्छ । घरेलु कामदारले सेवा अवधी विताएको वर्षलाई गुणा गरेर लाभ लिर्नु पर्छ ।

### तपाईंको अधिकारहरु (तपाईंको लाभ सुविधा )

- यदि तपाईंले एउटै रोजगारदातासँग एक वर्षभन्दा बढी काम गर्नुभएको छ भने तपाईंसँग आफ्नो रोजगारदाताबाट लाभको सुविधा लिन पाउने अधिकार छ ।
- लाभको सुविधा भने एक वर्षमा तीन हप्ताको तलब भन्दा कम लिने होइन । यो जति वर्ष काम गर्नुभएको छ, त्यति वर्ष तीन हप्ताको दरले थप्दै लिनुपर्छ ।

# घाइते तथा अंगभंगको क्षतिपुर्ति



### कानुन

**२०१५ को कानुन नम्बर २१ को दफा १९**

- कामको शिलशिलामा दुर्घटना भएमा कामदारलाई श्रम कानुनमा ब्यवस्था भए बमोजिमको क्षतिपुर्ति प्रदान गरिनुपर्छ ।

### तपाईंको अधिकारहरु

- यदि तपाईलाई काम गर्नेक्रममा चोट लाग्न गएमा तपाईलाई घाइते वा अंगभंग भएवापतको क्षतिपुर्ति पाउने अधिकार छ ।

तपाईंको अधिकारको जानकारी

# घरेलु कामदार कानुनले प्रत्याभुति गरेका आधारभूत अधिकारहरु

# रोजगारी करार पत्रमा



### कानुन

**२०१७ को कानुन नम्बर १५ को दफा ३**

+ घरेलु कामदारलाई विभागबाट लिखित र प्रमाणीत  गुणस्तरीय करारको तीन प्रति बाहेक अन्यमा काममा लागाउन पाईनेछैन।

प्रत्येक पक्षलाई एक–एकप्रति करारपत्र हस्तान्तरण गरिनेछ। एकप्रति बिभागमा बुझाइनेछ। करार पत्र अरवी भाषामा हुनेछ। यसलाई अन्य भाषामा रुपान्तरण गरिनेछ।

रोजगारी करार पत्रमा दुवै पक्षको रोजगारका सम्बन्धका प्रावधानहरु समेटिएको हुनेछ। यसमा निम्न विषयहरु समावेश गरिनेछः

१. *रोजगारदाताको नाम, राष्ट्रियता र वासस्थान*
२. *कामदारको नाम, राष्ट्रियता र वासस्थान*
३. *अनुबन्ध गरिएको मिति*
४. *घरेलु कामदारले गर्नुपर्ने कामको प्रकृति*
५. *काम शुरु गरिएको मिति र परिक्षणकालको समय*
६. *करार अवधीको समय, नविकरण र समाप्तीको सर्तहरु*
७. *सहमत तलब, भुक्तानीको तरिका र समय*
८. *कानुनमा उल्लेखित केही मुख्य प्रावधानहरु*

### तपाईंको अधिकारहरु

+ तपाईसंग रोजगारपत्रमा हस्ताक्षर गरिएको बाहेकमा रोजगारदाताले तपाईलाई काममा लगाउने अधिकार छैन। यस रोजगार पत्रमा कानूनले अत्यावश्यक ठहर गरेका सम्पुर्ण विवरणहरु समावेश हुनुपर्छ।
+ हस्ताक्षर गरिएको करारपत्रको एक प्रति राख्ने अधिकार तपाईंलाई छ। करारपत्र अरबी र अंग्रेजी दुवै भाषा हुनेछ।

# तपाईंको करारपत्रको समाप्ती



## कानुन

**परिक्षणकाल सकिनु अघिको अवधी**
**२०२० को कानुन नम्वर १८ को दफा १**

+ यदि घरेलु कामदारले आफ्नो परिक्षणकालभित्र रोजगारदाता परिवर्तन गर्न चाहेमा उ/उनीले प्रशासनिक विकास, श्रम तथा सामाजिक मन्त्रालय (एडिएलएस)को विद्युतीय माध्यमबाट आफ्नो बर्तमान रोजगारदातालाई एक महिनाअघि नै सुचना दिनुपर्नेछ। उ/उनीले सुचना दिएको महिनाभरी अनिवार्य काम गर्नुपर्नेछ। नयाँ रोजगारदाताले बर्तमान रोजगारदातालाई भर्ना शुल्क र टिकट खर्च वापत लागेको खर्चहरु भुक्तानी गर्नुपर्छ। यो भुक्तानी भने कामदारको दुई महिना बराबरको न्युनतम तलब भन्दा बढी हुनुहुँदैन।

+ यदि कामदारले आफ्नो करार अवधी रद्द गरी कतार छोड्न चाहेमा उ/उनीले एडिएलएसको विद्युतीय माध्यमबाट वर्तमान रोजगारदातालाई सुचना दिनु पर्नेछ। रोजगारदातासँग सहमति लिई सुचनाको समय अबधिभरी काम गर्नुपर्ने छ। सुचनाको समय अवधी भने दुई महिनाभन्दा बढी हुनुहुँदैन।

**परिक्षणकाल समाप्त भएको अवधी पछि**
**२०२० को कानुन नम्वर  १८ को दफा १**

+ यदि घरेलु कामदारले परिक्षणकाल बिताइसकेपछि रोजगार परिवर्तन गर्न चाहेमा उ/उनले आफ्ना वर्तमान रोजगारदातालाई उल्लेखित हिसाबले सुचना दिनुपर्नेछः
    - पहिलो दुई वर्षको रोजगारीको अवधीमा सुचनाको अवधी एक महिनाको हुनेछ।
    - रोजगारी अवधी दुई वर्षपछि भएमा सुचनाको अवधी दुई महिनाको हुनेछ।
+ एडिएलएसको विद्युतीय माध्यमबाट वर्तमान रोजगारदातालाई सुचना दिनुपर्नेछ।

+ दुई पक्षवीच अन्य सहमति नभएसम्म भने रोजगारदातालाई दिइएको सुचनाको अवधीभरी काम गर्नुपर्नेछ।

+ कामदारले रोजगार करारपत्र रद्द गरी कतार छोड्न चाहेमा एउटै नियम लागु हुनेछ।

**करार अवधीभित्रको कुनैपनि बेला**

**२०१७ को कानुन नम्बर १५ को दफा १७**

निम्न कुनै पनि अवस्थामा सेवा लाभको पूर्ण अन्तसम्म उसको/उनको पुर्ण अधिकारको सुरक्षा गर्दै एक कामदारले रोजगार करारपत्रको अवधी समाप्ति अघि त्यसलाई रद्द गर्नसक्छः

१. यदि रोजगारदाताले कानुन र रोजगारी करार पत्रमा प्रत्याभूत गरिएको विशेष प्रावधानहरु अनुसार आफ्नो दायित्व निर्वाह नगरेमा।

२. यदि रोजगारदाता वा व्यक्तिले घरेलु कामदारलाई करार पत्र विपरीत धोका दिएमा वा रोजगारीको सर्तहरु सम्मान नगरेमा।

३. यदि रोजगारदाता वा उसका परिवारका सदस्यहरुले कामदारमाथि आक्रमण गरेमा, उ उसको शारीरिक वा जीवनमाथि नै क्षति र हानी पुर्याएमा।

४. कामदारको स्वास्थ्य तथा सुरक्षामाथि गम्भिरखालको खतरा पैदा भएमा, र यसबारे रोजगारदातालाई सुचना थियो र उसले खतरालाई हटाउन पहल नगरेको अवस्थामा।

**तपाईंको अधिकारहरु**

+ यदि करार अवधी समाप्ती हुनु अगाडि नै रोजगारी परिवर्तन गर्न र कतार छोड्न चाहेमा तपाईंले करार पत्र रद्द गर्न पाउने अधिकार छ।

+ कतारमा कामदारले रोजगारी परिवर्तन गर्नको लागि अनुमतिको प्रमाणपत्र (एनओसी) चाहिंदैन। प्रशासनिक विकास, श्रम तथा सामाजिक मामिला मन्त्रालयको वेबसाइट मार्फत थप प्रक्रियाहरु अगाडि बढाउन सकिनेछ।

- **उल्लेखित परिस्थितिमा करार अवधी बाँकी छँदै तपाईंलाई रोजगारदातालाई सुचनाको समय नदिई करारपत्र रद्द गर्न सक्ने अधिकार छः**
    - यदि तपाईंको रोजगारदाताले करारपत्रमा रहेको प्रावधानहरु पुरा गरेको छैन।
    - यदि तपाईंको रोजगारदाता वा भर्ना गर्ने एजेन्टले करारपत्रको सर्तहरुको सम्बन्धमा धोका दिएको छ।
    - यदि तपाईंको रोजगारदाता वा परिवाका सदस्यहरुले शारीरिक रुपमा क्षति पुर्याउँछ।
    - यदि कार्यक्षेत्रमा तपाईंको जीवन र स्वास्थ्य माथि गम्भिररुपमा खतरा हुने गरी धम्की आएमा। .
- यस्तो अवस्थामा तपाईंले लाभ पाउने अधिकार छ।
- तपाईंले एडिएलएसको विद्युतीय सुचना प्रणाली मार्फत आफ्ना करार पत्र रद्द गर्ने प्रक्रिया थाल्नुपर्छ। प्रशासनिक विकास, श्रम तथा सामाजिक मामिला मन्त्रालयको वेबसाइट मार्फत थप प्रक्रियाहरु अगाडि बढाउन सकिनेछ।
- कामदारको नियन्त्रण भन्दा बाहिर गएर कतारी आइडीको म्याद समाप्त भएको कारण दिन सकेको बाहेको अवस्थामा कामदारले कतारी आइडी समाप्त भएको ९० दिनभित्र रोजगार परिवर्तन गर्न सक्नेछ।
- तपाईंको रोजगारदाताले पनि तपाईंसँगको करारपत्र रद्द गर्न सक्ने कुरा तपाईंले पनि याद गर्नुपर्छ।

# तपाईंको परिचयपत्रको कागजात



### कानुन

**२०१५ को कानुन नम्बर २१ को दफा ८**

+ अनुमतिको प्रक्रिया पुरा भइसकेपछि रोजगारदाताले विदेशी कामदारलाई यात्रासँग सम्बन्धित पत्र वा राहदानी फिर्ता गर्नुपर्छ। कामदारले लिखित रुपमा अनुरोध गरेपछि वा नविकरण गर्ने अवस्थामा मात्रै रोजगारदाताले राहदानी आफुसँग राख्न पाउनेछ।

### तपाईंको अधिकारहरु

+ रोजगारदातालाई राहदानी नविकरण र आवासीय अनुमतिको परिचय पत्र बनाउनको लागि राहदानी दिनुपर्छ। त्यसबाहेकको अवस्थामा राहदानी वा यात्रासँग सम्बन्धित कागजातपत्र तपाईं आफैले राख्न पाउने अधिकार छ।

* *कामदारको यात्रासँग सम्बन्धित कागजात जर्वजस्ती लिने वा खोसेर राख्ने रोजगारदाताले कानुन उलंघन गरेवापत बढीमा २५ हजार रियाल जरिवाना तिर्नुपर्छ।*

# कतारबाट प्रस्थान



## कानुन

**आन्तरीक मन्त्रालयको २०१९ को निर्णय**
**नम्बर ९५ को ऐन २**

+ रोजगार करार पत्रको म्यादभित्र नै घरेलु कामदारले अस्थायी रुपमा कतार छोड्न पाउने अधिकार छ। यसबारे कामदारले आफ्नो रोजगारदातालाई भने ७२ घण्टाभित्र अग्रिम सुचना दिनुपर्नेछ।

## तपाईंको अधिकारहरु

+ कतारबाट बाहिर जानको लागि तपाईंलाई एक्जिट पत्रको अनुमति चाँहिदैन। यसबारे कामदारले आफ्नो रोजगारदातालाई भने ७२ घण्टाभित्र अग्रिम सुचना दिनुपर्नेछ। तपाईंले यसबारे लिखित वा मौखिक रुपले जानकारी दिन सक्नुहुनेछ।

तपाईंको अधिकारको जानकारी

# शारीरिक र यौनजन्य हानीबाट स्वतन्त्र हुने तपाईंको अधिकार छ

# शारीरिक र यौनजन्य हानीबाट स्वतन्त्र



### कानुन

**२०१७ को कानुन नम्बर १५ को दफा ७**

रोजगारदाताको जिम्मेवारीः

+ घरेलु कामदारलाई उचित व्यवहार गर्नुपर्छ, कामदारको मर्यादामा आँच पुग्ने कार्य गर्नुहुँदैन।
+ घरेलु कामदारको स्वास्थ्य वा जिवनमा क्षति पुग्ने, जोखिम पुग्ने, शारीरिक वा मर्यादामा आघात पर्ने कार्यलाई हटाउनुपर्छ।

### तपाईंको अधिकारहरु

+ रोजगारदाता र रोजगारदाताका परिवारको सदस्यहरुबाट तपाईंले मर्यादीत र सम्मानजनक व्यवहार पाउने अधिकार छ।

# नजरबन्द र मानसीक यातनाबाट स्वतन्त्र हुने तपाईंको अधिकार



### कानुन

**कतारको संबिधान, धारा ३६**

रोजगारदाताको निम्न जिम्मेवारवार:

+ व्यक्तिगत स्वतन्त्रको ग्यारेन्टी हुनेछ। कुनै व्यक्तिलाई गिरफ्तार, नजरबन्द र तलासी गर्न पाइने छैन। आवासमा स्वतन्त्रपुर्वक बस्न र घुमफीर गर्न पाइनेछ। कानुन बनाएर यी कुरा रोक्न पाइने छैन। कुनै व्यक्ति माथि कुनै विषयको कारण मानसिक यातना र अमानवीय व्यवहार गर्न पाइने छैन। मानसीक यातना दिइएमा कानुन बमोजिम दण्डनीय हुनेछ।

**तपाईंको अधिकारहरु - नजरबन्द र मानसिक यातनाबाट स्वतन्त्र हुने तपाईंको अधिकार छ।)**

---

+ रोजगारदाताले तपाईंलाई जबरजस्ती उसको/उनको घरभित्र थुनेर राख्ने अधिकार छैन।
+ रोजगारदातालाई तपाईंमाथि अमानवीय व्यवहार गर्न, खाना नदिन, सिमित स्थानमा बलपुर्वक राख्न, शारीरिकरुपमा क्षति र यौन दुर्व्यवहार गर्ने अधिकार छैन।

तपाईंको अधिकारको जानकारी

# घरेलु कामदारको कानुन बमोजिम तपाईंको जिम्मेवारी

# जिम्मेवारीहरु



**कानुन**

**२०१७ को कानुन नम्बर १५ को दफा ११**

घरेलु कामदार उल्लेखित विषयहरुप्रति प्रतिबद्ध हुनुपर्छः

+ कतारको कानुन, रिवाज, परम्परा, धर्म र मुल्यमान्यतालाई सम्मान गर्नुपर्छ ।
+ इमान्दारीपुर्वक र सही रुपमा सहमति अनुसार काम गर्नुपर्छ ।
+ रोजगारदाताको गोपनियता, पैसा र सम्पत्ति, रोजगारदाताको परिवार र पहुनाको सुरक्षा गर्नुपर्छ, तिनीहरुको हितलाई हानी पुर्याउने कार्य कदापी गर्नुहुँदैन ।
+ करारपत्रको प्रावधानलाई उलंघन नहुने गरी वा तपाईंको जीवन र पैसा जोखिममा नपर्ने बाहेक सही हिसाबले रोजगारदाता र रोजगारदाताका परिवारका सदस्यले भनेको निर्देशनहरुलाई अनुसरण गर्नुपर्छ ।
+ कामको शिलशिलामा पाएका वस्तुहरुको जगेर्ना गरिराख्ने, त्यसलाई उद्देश्य अनुसार प्रयोग गर्ने, तिनको प्रकति अनुसार प्रयोग गर्ने र आफ्नो सेवा समाप्ती भएपछि फर्किने वेला सही हिसाबले फिर्ता गर्नुपर्छ ।
+ कतारको नियम कानुन उलंघन हुने गरी गैरकानुनी हिसाबले रकम लिई वा नलिई अन्य कार्य गर्नबाट जोगिनुपर्छ ।
+ रोजगारदाता र रोजगारदाताको परिवारलाई सही ब्यबहार गर्नुपर्छ । सहज हिसावले बस्नुपर्छ । विशेष गरी बच्चा र बृद्धबृद्धालाई असर पुग्ने गरी कुनै कार्य गर्नुहुदैन ।

यदि रोजगारदाताले केही पुरा गर्दैन भने तपाईंले प्रशासनिक विकास, श्रम र सामाजिक मन्त्रालयको श्रम सम्वन्ध विभागमा उजुरी दर्ता गर्न पाउने अधिकार छ।

मन्त्रालयले उजुरी ग्रहण गर्नको लागि २४ घण्टा नै आपतकालिन सेवाको लागि फोनको व्यवस्था गरेको छ। त्यसको लागि ४०२८०६६१ र १६००८ मा फोन गर्न सक्नुहुनेछ। ९२७२७ मा एसएमएस मार्फत उजुरी गर्न सकिनेछ। त्यसमा कतारी आइडी वा भिसा नम्वरको ५ वटा अंक प्रवेश गराउनुपर्छ। कामदारले इमेल info@adlsa.gov.qa मार्फत पनि उजुरी गर्न सक्नेछन्।

कामदारले मन्त्रालयको विद्युतीय एकिकृत मञ्च मार्फत उजुरी गर्न सकिनेछ।

यो पुस्तिका migrant-rights.org  को साथ अन्तराष्ट्रिय श्रम संगठनको सहयोग र सहकार्यमा तयार गरिएको हो ।